# सुन्दरबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**सुन्दरबजार, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

## सामाजिक परीक्षण सम्बन्धी सूचना
( प्रथम पटक प्रकाशित मिति २०७६।०२।०९ )

आर्थिक बर्ष २०७५।०७६ को स्विकृत कार्यकम अनुसार यस कार्यालय अर्न्तगतका विभिन्न स्वास्थ्य संस्थाहरुमा विस्तृत सामाजिक परीक्षण तथा विस्तृत सामाजिक परीक्षण गरीएका संस्थाहरुमा संक्षिप्त सामाजिक परीक्षण (फलोअप) गर्नुपर्ने भएकोले निम्न बमोजिमका योग्यता पुगेका संघ/संस्था वा नेपाली नागरिकहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिन्छ ।

### आवश्यक न्यूनतम योग्यता :

**क) व्यक्तिको हकमा :**

१) आवेदक व्यक्ति लमजुङ जिल्लाको बासिन्दा हुनुपर्ने छ ।
२) न्यूनतम शैक्षिक योग्यता : प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको हुर्नुपर्ने छ ।
३) सामाजिक परिचालन तालिम तथा गोष्ठी सहजीकरण कार्यमा कम्तीमा ५ बर्षको अनुभव प्राप्त गरेको हुनुपर्ने छ ।
४) लमजुङ जिल्लाको स्वास्थ्य सेवा प्रवाह र सरकारले उपलब्ध गराउने सेवा सुविधाका बिषयमा ज्ञान भएको हुनुपर्नेछ ।
५) सूचना संकलन, बिश्लेषण तथा प्रतिवेदन लेख्ने सीप र अनुभव भएको हुनुपर्नेछ ।
६) स्थानीय तहको बैठक, अभिमुखीकरण र गोष्ठीहरुको सहजीकरण गर्न सक्ने हुनुपर्नेछ ।
७) सामाजिक परीक्षण प्रक्रियामा उठेका बिषय र सन्दर्भहरुलाई परिपक्क र संयमित रुपमा सहजीकरण गर्न सक्ने सीप भएको हुनुपर्नेछ ।

**ख) संस्थाको हकमा :**

१) लमजुङ जिल्लामा दर्ता भई कम्तिमा ३ बर्ष संकिय रुपमा कार्यरत रहेको ।
२) सरकारको स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया तथा स्वास्थ्य र सामाजिक न्यायको क्षेत्रमा कार्य अनुभव भएको ।
३) नियमित रुपले बार्षिक लेखा परीक्षण गराएको र संस्था दर्ता नवीकरण गराएको ।
४) आफ्नो संस्थाका कार्यक्रम र योजनाको सामाजिक परीक्षण वा सामाजिक सुनुवाइ सम्बन्धि अनुभव भएको संस्थालाई प्राथमिकता दिईने छ ।
५) संस्था भ्याटमा दर्ता भएको हुनुपर्ने छ ।

**प्राविधिक तथा आर्थिक प्रस्ताव सुन्दरबजार नगरपालिकाको कार्यालय, स्वास्थ्य शाखा, सुन्दरबजार लमजुङमा सम्पर्क राखि लिनुपर्ने छ ।**
**प्रस्ताव खरिद गर्ने अन्तिम मिति : २०७६।०२।१५ गते कार्यालय समय भित्र ।**
**प्रस्ताव दर्ता गर्ने अन्तिम मिति : २०७६।०२।१६ गते दिनको १२:०० बजे सम्म ।**
**प्रस्ताव खोल्ने मिति : २०७६।०२।१६ गते दिउँसो २:०० बजे ।**

2076/02/08

नारायण पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत